# फाल्गुनन्द राजपत्र

## फाल्गुनन्द गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ५ सख्याः १ मिति २०७८/६/२

भागः २

फाल्गुनन्द गाउँपलिका

१ नं. प्रदेश, नेपाल


**मातृभाषा शिक्षक व्यवस्थापन कार्यविधि, २०७८**

# मातृभाषा शिक्षक व्यवस्थापन कार्यविधि, २०७८

**प्रस्तावना** : नेपालको संविधान २०७२ को अनुसूची ८ को नं ८ , सोही संविधानको भाग -३ को उपधारा ५ तथा सोही भागको धारा ३२ को उपधाराहरु समेतका आधारमा तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ को नियम ११ र त्यसको उपनियम २ समेतको आधारहरुमा नागरिकहरुले शिक्षा लिन पाउँने हक र स्थानीय सरकारले शिक्षा दिनु पर्ने दायित्व साथै फाल्गुनन्द गाउँपालिकाले जारी गरेको " मातृभाषा शिक्षक व्यवस्थापन प्रतिवेदन २०७५" समेतको आधारमा यस फाल्गुनन्द गाउँपालिका पाँचथर भित्र रहेका विद्यालयहरुमा मातृभाषा शिक्षाको व्यवस्थापन वाञ्छनीय भएकोले, फाल्गुनन्द गाउँपालिका, गाउँकार्यपालिका पाँचथरले यो मातृभाषा शिक्षक व्यवस्थापन कार्यविधि , २०७७ जारी गरिएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१.** संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "मातृभाषा शिक्षक व्यवस्थापन कार्यविधि , २०७७" रहेको छ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क)" मातृभाषा " भन्नाले फाल्गुनन्द गाउँपालिका पाँचथर भित्र बहुसंख्यक जनसंख्याले वोल्ने लिम्बु , राई ( वान्तवा ) र तामाङ भाषा सम्झनु पर्छ ।

(ख)" विद्यालय " भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेका सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(ग) "अध्यक्ष " भन्नाले यस फाल्गुनन्द गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(घ) " उपाध्यक्ष " भन्नाले यस फाल्गुनन्द गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ङ) " प्रमुख प्रशासकीय अधिकृत " भन्नाले यस फाल्गुनन्द गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

( च) "सामाजिक विकास समिति" भन्नाले यस फाल्गुनन्द गाउँपालिकाको सामाजिक विकास समिति सम्झनु पर्छ ।

(छ) " मातृभाषा शिक्षक " भन्नाले यस कार्यविधि बमोजिम नियुक्ति भएका मातृभाषा अध्यापन गराउने शिक्षक सम्झनु पर्छ ।

३. उद्देश्य तथा क्षेत्र : (१) मातृभाषा शिक्षक व्यवस्थपनको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) मातृभाषा शिक्षालाई व्यवस्थित गर्दै गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको सिकाइ उपलब्धि वृद्धि गर्नु,

(ख) लोप हुन लागेको मातृभाषाहरुको जगेर्ना गर्नु,

(२) फाल्गुनन्द गाउँपालिका पाँचथर भित्र रहेका सवै सामुदायिक विद्यालय मातृभाषा शिक्षक व्यवस्थापन कार्यविधिको क्षेत्र रहनेछ ।

## परिच्छेद-२
## मातृभाषा शिक्षक व्यवस्थापन तथा परिचालन समिति सम्बन्धी व्यवस्था

४. मातृभाषा शिक्षक व्यवस्थापन तथा परिचालन समिति : (१) मातृभाषा शिक्षक व्यवस्थापनमा समन्वयकारी भूमिका निर्वाह गर्न गाउँपालिका स्तरमा एक मातृभाषा शिक्षक व्यवस्थापन तथा परिचालन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) अध्यक्ष, गाउँपालिका | - संयोजक |
| (ख) उपाध्यक्ष, गाउँपालिका | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) संयोजक , सामाजिक विकास समिति | - सदस्य |
| (ङ) फोकल पर्सन, शिक्षा शाखा | - सदस्य-सचिव |

(३) समितिको बैठक प्रत्येक तीन महिनामा एक पटक बस्नेछ ।

तर आवश्यकता परेमा सो भन्दा बढी पटक बैठक बस्न बाधा पर्ने छैन ।

(४) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

५. समितिको काम, कर्तव्य र अधिकार : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मातृभाषा शिक्षक व्यवस्थापन सम्बन्धी योजना निर्माण गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने,

(ख) मातृभाषा शिषक व्यवस्थापन प्रतिवेदन, २०७५ को आधारमा मातृभाषा शिक्षा सञ्चालन गर्न सकिने विद्यालयहरुको पहिचान गरि मातृभाषा शिक्षक संख्या (राहात कोटा ) निर्धारण गर्ने,

(ग) मातृभाषा शिक्षा कार्यक्रमको समन्वय तथा सहजिकरण गर्ने, गराउने र

(घ) मातृभाषा शिक्षा कार्यक्रमको अनुगमन तथा मुल्याङकन गर्ने , गराउने,

## परिच्छेद -३

## मातृभाषा शिक्षा कार्यक्रम सञ्चालनका लागि विद्यालय छनौट, संख्या निर्धारण तथा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था

**६**. विद्यालय छनौटको आधारहरु : (१) मातृभाषा शिक्षा कार्यक्रम सञ्चालनका लागि विद्यालयहरुले मातृभाषा शिक्षक (राहात कोटा ) प्रप्त गर्न देहाय बमोजिमका सर्तहरु पुरा गरेको हुनुपर्छः-

(क) नेपाल सरकारद्वारा स्वीकृत वा अनुमति प्राप्त विद्यालय हुनु पर्ने,

(ख) सामुदायिक विद्यालय हुनु पर्ने,

(ग) स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक पठन पाठन भइरहेको हुनुपर्ने,

(घ) सम्बन्धित विद्यालयमा सम्बन्धित मातृभाषा पठनपाठन भइरहेको र अनुगमन गर्दाको समयमा पनि सो विषयको अध्ययन अध्यापन भइरहेको हुनुपर्ने,

(ङ) अन्य कुरा जेसुकै लेखिएको भए पनि विद्यालयको एउटा कक्षा वा सेक्सनमा सो कक्षा वा सेक्सनको मौजुदा विद्यार्थी संख्याको कम्तीमा २० प्रतिशत सम्वन्धित मातृभाषी विद्यार्थी हुनु पर्नेछ।

**७.** मातृभाषा शिक्षा कार्यक्रम सञ्चालित विद्यालयको शिक्षक संख्या निर्धारण : (१) मातृभाषा पठन पाठन हुने विद्यालयहरुमा देहाय बमोजिमको मातृभाषा शिक्षक ( राहात कोटा ) रहनेछः-

(क) आधारभूत तहमा कम्तीमा -१ शिक्षक।

आधारभूत तह (कक्षा १-५) र आधारभूत तह ( कक्षा १-८ ) को लागि आगामी समयमा गाउँपालिकाले कक्षा तथा विद्यार्थी संख्याको आधारमा शिक्षक संख्या व्यवस्थापन गर्नेछ।

(ख) माध्यमिक तहमा कम्तीमा -१ शिक्षक।

माध्यमिक तह (कक्षा ९-१० ) र माध्यमिक तह (११-१२) को लागि आगामी समयमा गाउँपालिकाले कक्षा तथा विद्यार्थी संख्याको आधारमा शिक्षक संख्या व्यवस्थापन गर्नेछ।

**८.** मातृभाषा शिक्षक हुन चाहिने योग्यता : मातृभाषा शिक्षक हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(क) नेपाली नागरिक ,

(ख) १८ वर्ष उमेर पुरा भई ४५ वर्ष उमेर ननाघेको ,

(ग) मगज नबिग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको ,

(च) आधारभूत तहको लागि प्रविणता प्रमाण-पत्र तह वा कक्षा १२ वा सो सरह उतिर्ण गरेको र सम्बन्धित मातृभाषा बोलाइ, लेखाइ तथा लिपिको पूर्ण ज्ञानसीप हुनुपर्नेछ।

(छ) माध्यमिक तहको लागि स्नातक तह वा सो सरह उतिर्ण गरेको र सम्बन्धित मातृभाषा बोलाइ, लेखाइ, लिपि र संस्कृतिको पूर्ण ज्ञानसीप हुनुपर्नेछ।

**९.** मातृभाषा शिक्षक नियुक्ति प्रक्रिया : (क) मातृभाषा शिइक छनौट गर्दा लिखित मौखिक परिक्षा सञ्चालन गरिने छ।

(ख) लिखित तथा मौखिक परिक्षाको पाठ्यक्रम दफा १६ मा उल्लेख गरिए बमोजिम हुनेछ।

(ग) मातृभाषा शिक्षा व्यवस्थापन समितिको जिर्णय अनुसार मातृभाषा शिषकका लागि छनौट भएका विद्यालयमा करारमा मातृभाषा शिक्षक छनौटका लागि देहाय कमोजिमको छनौट समिति रहनेछ

| | |
|---|---|
| क) सम्बन्धित विद्यालयको विव्यसको अध्यक्ष | संयोजक |
| ख) गाउँपालिकाको शिक्षा शाखा प्रमुख | सदस्य |
| ग) सम्बन्धित भाषाको भाषा विज्ञ २ जना | सदस्य |
| घ) सम्बन्धित विद्यालयको प्र. अ. | सदस्य सचिव |

(घ) मातृभाषा शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ।

(ङ) मातृभाषा शिक्षक छनौट सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(च) दफा ९ को उपदफा ३ को ग बमोजिम छनौट हुने विषय विज्ञ सम्बन्धित गाउँपालिकामा सूचीकृत भएको हुनु पर्नेछ।

(छ) विज्ञको लागि आवश्यक न्युनतम योग्यता देहाय बमोजिम हुनु पर्नेछः

१ न्यूनतम २५ वर्ष उमेर पुरा भएको नेपाली नागरिक।

२ कुनै पनि किसिमको फौजदारी अभियोग नलागेको।

३ कम्तिमा स्नातक तह उतिर्ण गरेको।

४ सम्बन्धित भाषाको बोलाइ लेखाइ सिपमा दक्षता भएको।

५ कुनै राष्ट्रिय पत्रपत्रिकामा सम्बन्धित भाषामा कम्तिमा १ वटा लेख रचना प्रकाशन गरेको वा सम्बन्धित भाषामा पुस्तक प्रकाशन गरेको हुनुपर्नेछ।

च) उपदफा छ को ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि लोपोन्मुख भाषाको लागि भाषा शिक्षक छनौट गर्ने समितिमा रहने विज्ञले प्रविणता प्रमाणपत्र तह वा सोसरह उतिर्ण गरेको भए पनि विज्ञको रुपमा सूचीकृत गर्न कुनै बाधा पर्ने छैन।

द्रष्टव्यः लोपोन्मुख भाषा भन्नाले नेपाल सरकारले लोपोन्मुख जाती भनेर उल्लेख गरेका जातजातीले बोल्ने भाषालाई सम्झिनु पर्नेछ।

**१०.** सरुवा नहुने : मातृभाषा शिक्षकको एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुन सक्ने छैन।

**११.** मातृभाषा शिक्षकको काम ,कर्तव्य र अधिकार : मातृभाषा शिक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) मातृभाषाको कक्षा सहित हप्तामा कम्तीमा २४ पिरियड अध्यापन गर्नु पर्ने ,

ख) पाठ्यक्रमले निर्धारण गरे बमोजिमको परीक्षा तथा निरन्तर विद्यार्थी मुल्याङकन प्रणालीको प्रयोग गरी अध्यापन गरेको विषयममा विद्यार्थीको शैक्षिक स्तर मुल्याङकन गर्ने ,

ग) विद्यालयले तोकेको अन्य कार्यहरु गर्ने।

**१२.** अवकाश सम्वन्धी व्यवस्था : (१) मातृभाषा शिक्षकलाई देहाय बमोजिमको अवस्थामा प्रधानाध्यपकले अवकाश दिन सक्नेछः-

(क) स्वच्छिक रुपले अवकाश लिने इच्छा गरी प्रधानाध्यापक समक्ष पन्ध्र दिन अगावै लिखित निवेदन दिएमा ,

(ख) शारीरिक अस्वस्थताको कारण विद्यालयमा उपस्थित भई कामकाज गर्न असमर्थ भएमा ,

( ग) खराब आचरण प्रदर्शन गरेमा,

(घ) विना सूचना पन्ध्र दिनसम्म विद्यालयमा अनुपस्थित रहेमा,

(ङ) सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा ,

२) उपदाफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ङ) बमोजिमको अवस्थामा विद्यालय व्यवस्थापन समितिले पर्याप्त आधार र प्रमाण सहित सिफारिस गरेको मातृभाषा शिक्षकलाई गाउँपालिकाले निर्णय गरी हटाउन सक्नेछ।

## परिच्छेद-४

## मातृभाषा शिक्षकको सेवा, सर्त र सुविधा

**१३**. मातृभाषा शिक्षकको सेवा सर्त : (१) मातृभाषा शिक्षकको कार्यावधि एक शैक्षिक सत्रको हुनेछ । आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले म्याद थप गर्ने सक्नेछ ।

(२) मातृभाषा शिक्षकले नियुक्ति भएको विद्यालयमा उपस्थित भई मातृभाषा लगायत तोकिएको विषय नियमित रुपमा शिक्षण गर्नुपर्नेछ ।

(३) मातृभाषा शिक्षक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिमा जवाफदेही हुनुपर्नेछ ।

**१४**. मातृभाषा शिक्षकलाई दिइने सुविधा : (१) मातृभाषा शिक्षकलाई मासिक तलब तथा भत्ता उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने सुविधा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**१५**. विदा सम्वन्धी व्यवस्था : (१) मातृभाषा शिक्षकले देहाय बमोजिमको विदा पाउनेछः-

(क) वर्ष भरीमा पर्व विदा ६ दिन र भैपरी आउने विदा ६ दिन ,

(ख) विरमी विदा वर्ष भरिमा १२ दिन ,

(ग) किरिया विदा पन्ध्र दिन ,

(घ) प्रसुति विदा सुत्केरी अघि र पछि गरी ६० दिन,

(२) उपदाफा (१) बमोजिमको विदाको स्वीकृति सम्बन्धित विद्यालयको प्रधानाध्यापकले गर्नेछ ।

## परिच्छेद-५

## मातृभाषा शिक्षक छनौटको पाठ्यक्रम सम्बन्धी व्यवस्था

**१६**. मातृभाषा अध्यापन गर्न चाहाने उम्मेद्वारहरुलाई देहाय बमोजिमको तहगत/ तह-कक्षागत पाठ्यक्रमको आधारमा मुल्याङकन गरिनेछ । मुल्याङकन सम्वन्धित भाषा र लिपिमा हुनु पर्नेछः-

१६.१ **आधारभूत तह ( कक्षा १-५ )**

(१) सैद्धान्तिक परीक्षा (लिखित ) - १२५ अङ्क ।

(क) लिखित परीक्षा -१०० अङ्क ।

अ) आधारभूत ज्ञान सीप -३० अङ्क ( बस्तुगत प्रश्न )

१,पाठ्यक्रम ८

२, वालमनोविज्ञान र शिक्षण ४

३,शिक्षण सामाग्री, शिक्षणा विधि, शिक्षण योजना , शिक्षण प्रविधि ११

४, संविधान, शिक्षा ऐन र नियमावली ७

आ) विषयगत ज्ञानसीप ७० अङक (बिषयगत प्रश्न )

१,सम्बन्धित तह / कक्षाको पाठ्यक्रमममा आधारित विषयगत ज्ञानसीप ५०

२, शिक्षण प्रविधि २०

(ख) मौखिक परीक्षा (अन्तरवार्ता ) : वर्ण / ध्वनि सम्वन्धी ज्ञान र अभिव्यक्ति सम्वन्धी ज्ञानसीप २५

(२) प्रयोगात्मक परीक्षा : शिक्षण विधि परीक्षण -२५ अङ्क ।

*स्पष्टिकरण : शैक्षिक योग्यताको कारण उम्मेद्वार बन्ने कानुनी आधार र सुविधा उपलब्ध गराउछ । तर अन्तरवार्ता वा त्यस्तै अन्य प्रयोजनमा शैक्षिक योग्यता वापत अलगै अङ्क प्राप्त हुने परम्परागत व्यवस्था यहाँ राखिएको छैन । सम्बन्धित विषय र तह समानको ज्ञानसीप समय र परिस्थिति अनुसार पठन, बोध र खोजलाई बढाउदै पुरानो*

*ज्ञान र सीपलाई सुधार वा अलि परिष्कृत गरी प्रतिस्पर्धा- क्षमता (competency ) लाई अरु सरह समान राख्नु यसको मुख्य उद्देश्य हो ।*

१६.२ **आधारभूत तह ( कक्षा ६-८ )**

(१) सैद्धान्तिक परीक्षा (लिखित ) - १२५ अङ्क।

(क) लिखित परीक्षा -१०० अङ्क।

अ) आधारभूत ज्ञान सीप -३० अङ्क। (बस्तुगत प्रश्न )

१,पाठ्यक्रम ८

२, वालमनोविज्ञान र शिक्षण ४

३,शिक्षण सामाग्री, शिक्षणा विधि, शिक्षण योजना , शिक्षण प्रविधि ११

४, संविधान, शिक्षा ऐन र नियमावली ७

आ) विषयगत ज्ञानसीप ७० अङक । (बिषयगत प्रश्न )

१,सम्बन्धित तह / कक्षाको पाठ्यक्रमममा आधारित विषयगत ज्ञानसीप ५०

२, शिक्षण प्रविधि २०

(ख) मौखिक परीक्षा (अन्तरवार्ता ) : वर्ण / ध्वनि सम्वन्धी ज्ञान र अभिव्यक्ति सम्वन्धी ज्ञानसीप २५

(२) प्रयोगात्मक परीक्षा : शिक्षण विधि परीक्षण -२५ अङ्क।

*स्पष्टिकरण : शैक्षिक योग्यताको कारण उम्मेद्वार बन्ने कानुनी आधार र सुविधा उपलब्ध गराउछ। तर अन्तरवार्ता वा त्यस्तै अन्य प्रयोजनमा शैक्षिक योग्यता वापत अलगै अङ्क प्राप्त हुने परम्परागत व्यवस्था यहाँ राखिएको छैन । सम्बन्धित विषय र तह समानको ज्ञानसीप समय र परिस्थिति अनुसार पठन, बोध र खोजलाई बढाउदै पुरानो ज्ञान र सीपलाई सुधार वा अलि परिष्कृत गरी प्रतिस्पर्धा- क्षमता (competency ) लाई अरु सरह समान राख्नु यसको मुख्य उद्देश्य हो ।*

१६.३ **माध्यमिक तह ( कक्षा ९-१०** )

(१) सैद्धान्तिक परीक्षा (लिखित ) - १२५ अङ्क।

(क) लिखित परीक्षा -१०० अङ्क।

अ) आधारभूत ज्ञान सीप -३० अङ्क।(बस्तुगत प्रश्न )

१,पाठ्यक्रम ८

२, वालमनोविज्ञान र शिक्षण ४

३,शिक्षण सामाग्री, शिक्षणा विधि, शिक्षण योजना , शिक्षण प्रविधि ११

४, संविधान, शिक्षा ऐन र नियमावली ७

आ) विषयगत ज्ञानसीप ७० अङक (बिषयगत प्रश्न )

१,सम्बन्धित तह / कक्षाको पाठ्यक्रमममा आधारित विषयगत ज्ञानसीप ५०

२, शिक्षण प्रविधि २०

(ख) मौखिक परीक्षा (अन्तरवार्ता ) : वर्ण / ध्वनि सम्वन्धी ज्ञान र अभिव्यक्ति सम्वन्धी ज्ञानसीप २५

(२) प्रयोगात्मक परीक्षा : शिक्षण विधि परीक्षण -२५ अङ्क।

*स्पष्टिकरण : शैक्षिक योग्यताको कारण उम्मेद्वार बन्ने कानुनी आधार र सुविधा उपलब्ध गराउछ। तर अन्तरवार्ता वा त्यस्तै अन्य प्रयोजनमा शैक्षिक योग्यता वापत अलगै अङ्क प्राप्त हुने परम्परागत व्यवस्था यहाँ राखिएको छैन ।*

*सम्बन्धित विषय र तह समानको ज्ञानसीप समय र परिस्थिति अनुसार पठन, बोध र खोजलाई बढाउदै पुरानो ज्ञान र सीपलाई सुधार वा अलि परिष्कृत गरी प्रतिस्पर्धा- क्षमता (competency ) लाई अरु सरह समान राख्नु यसको मुख्य उद्देश्य हो ।*

१६.४ **माध्यमिक तह ( कक्षा ११-१२ )**

(१) सैद्धान्तिक परीक्षा (लिखित ) - १२५ अङ्क ।

(क) लिखित परीक्षा -१०० अङ्क ।

अ) आधारभूत ज्ञान सीप -३० अङ्क ।(बस्तुगत प्रश्न )

१,पाठ्यक्रम ८

२, वालमनोविज्ञान र शिक्षण ४

३,शिक्षण सामाग्री, शिक्षणा विधि, शिक्षण योजना , शिक्षण प्रविधि ११

४, संविधान, शिक्षा ऐन र नियमावली ७

आ) विषयगत ज्ञानसीप ७० अङक (बिषयगत प्रश्न )

१,सम्बन्धित तह / कक्षाको पाठ्यक्रममा आधारित विषयगत ज्ञानसीप ५०

२, शिक्षण प्रविधि २०

(ख) मौखिक परीक्षा (अन्तरवार्ता ) : वर्ण / ध्वनि सम्वन्धी ज्ञान र अभिव्यक्ति सम्वन्धी ज्ञानसीप २५

(२) प्रयोगात्मक परीक्षा : शिक्षण विधि परीक्षण -२५ अङ्क ।

*स्पष्टिकरण : शैक्षिक योग्यताको कारण उम्मेद्वार बन्ने कानुनी आधार र सुविधा उपलब्ध गराउछ । तर अन्तरवार्ता वा त्यस्तै अन्य प्रयोजनमा शैक्षिक योग्यता वापत अलगै अङ्क प्राप्त हुने परम्परागत व्यवस्था यहाँ राखिएको छैन । सम्बन्धित विषय र तह समानको ज्ञानसीप समय र परिस्थिति अनुसार पठन, बोध र खोजलाई बढाउदै पुरानो ज्ञान र सीपलाई सुधार वा अलि परिष्कृत गरी प्रतिस्पर्धा- क्षमता (competency ) लाई अरु सरह समान राख्नु यसको मुख्य उद्देश्य हो ।*

## परिच्छेद-६

## विविध

**१७**. मातृभाषा शिक्षकले पालना गर्नु पर्ने आचार संहिता : मातृभाषा शिक्षकले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछः-

(क) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आएको र गएको समय जनाई हाजिर गर्ने र पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने ,

(ख) इमान्दार , शिष्ट, नम्र , पारदर्शी र सदाचार व्यवहार अवलम्बन गर्ने ,

(ग) सम्बन्धित निकायको नियम र कानुन विपरितको कार्य नगर्ने,

(घ) कुनै भाषा , धर्म तथा सम्प्रदाय विरोधी भावना शिक्षक तथा विद्यार्थी समक्ष फैलाउन नहुने,

(ङ) नेपाल सरकार तथा स्थानीय सरकारको विद्यामान नीति र व्यवस्थाको प्रतिकुल हुने गरी कुनै पनि कार्य नगर्ने,

(च) कुनै पनि राजनीतिक दलको गतिविधिमा संलग्न नहुने ,

**१८**. बाधा अड्काउ सम्बन्धी व्यवस्था :

(१) यस कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार थपघट र हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

आज्ञाले
निर्मल तुम्रोक
प्रमुख प्रशासकीय अधिकृत